# दक्षिणकाली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फर्पिङ्ग, काठमाडौं ।

## दक्षिणकाली नगरपालिका भित्र कार्यक्षेत्र भई परियोजना संचालन गर्ने गै.स.स.का लागी नगरसभामा कार्यक्रम पेश गर्ने सम्बन्धी जरुरी सूचना ।

(प्रथम पटक प्रकाशित मिति २०७५/०२/२९)

गैरसरकारी संस्थाहरुले आफ्ना कार्यक्रमहरु स्थानीय तहको सभामा पेश गर्नुपर्ने र कार्यक्रम संचालन गर्दा सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नुपर्ने कानुनी प्रावधान रहेको छ । दक्षिणकाली नगरपालिकामा कार्यक्षेत्र रहेका कतिपय गैससहरुले न.पा.सँग समन्वय नगरी कार्यक्रम संचालन गर्ने गरेको पाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । दक्षिणकाली नगरपालिका भित्र कार्य क्षेत्र भएका सबै गैससहरुलाई आफ्नो श्रोत तथा दातृ संस्थाको सहयोगमा संचालन गर्ने कार्यक्रमहरु निम्नानुसारको ढाँचामा (विद्युतीय कपी समेत) २०७५ असार १० गते भित्र दक्षिणकाली नगरपालिकाको कार्यालय, फर्पिङ्गमा आईपुग्ने गरी तथा इमेल ठेगाना dakshinkalimunicipality@gmail.com मा पठाउनु हुन अनुरोध छ । साथै समाज कल्याण परिषद् मार्फत दातृसंस्थासँग भएको सम्झौता अनुसारका परियोजना प्रस्ताव समेत उल्लेखित समय भित्र पेश गर्नुहुन सूचित गरिन्छ । तोकिएको समय भित्र आफ्नो कार्यक्रम पेश नगर्ने गैससहरुलाई पुर्व स्वीकृती तथा नविकरणका लागी सिफारिस गर्न दक्षिणकाली नगरपालिकाको कार्यालय बाध्य नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

### गैरसरकारी संस्थाले कार्यक्रम पेश गर्ने ढाँचा

संस्थाको नाम　　　　　　　　　　दर्ता नं.

ठेगानाः　　　　　　　　　　दर्ता मितिः

सम्पर्क व्यक्तिः　　　　　　　　　　सम्पर्क नं.

| क्र.सं | कार्यक्रम/परियोजनाको नाम | उद्देश्य | मुख्य क्रियाकलाप | कार्यक्रम कार्यान्वयन हुने स्थान | बजेट रु. | सहयोगी संस्था/दाता | लाभान्वित वर्ग र संख्या |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |